जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ | अंक ३६ | २०८० साल भदौ १३ गते बुधबार (30 Aug. 2023 Wednesday) | मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : राजेश्वर नेपाली एक... ३ पृष्ठमा : प्रतिनिधिसभा बैठक : भष्ट्राचारदेखि ... ३ पृष्ठमा ऩेता खानलाई धरौटीमा...

# टिपरको ठक्करबाट झापामा सप्तरीका डा. यादवको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १२ भदौ ।**

सप्तरीको रुपनी गाउँपालिका घर भएका एक चिकित्सकको मंगलबार बिहान झापाको उर्लाबारीमा टिपरको ठक्करबाट मृत्यु भएको छ ।

झापाको उर्लाबारी वडा नं. ४ स्थित ऊँ सत्य साई पेट्रोल पम्प छेउमा मंगलबार बिहान टिपरको ठक्करबाट रुपनी गाउँपालिका वडा नं. ६ बिरेन्द्र बजार निवासी २८ वर्षीय डा. नीरज यादवको मृत्यु भएको हो ।

इलाका प्रहरी कार्यालय उर्लाबारीका प्रहरी निरीक्षक देवेन्द्र दासका अनुसार पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्र १-०२-०५२ प ४२४१ नम्बरको मोटरसाइकल र पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्र ३-००१ क ००९५ नम्बरको ट्रिपर एकापसमा ठोक्किदाँ मोटरसाइकलमा सवार डा. यादव गम्भीर घाइते भएका थिए ।

घाइते यादवको उपचारका लागि तत्काल उर्लाबारी ३ स्थित मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा पुर्याइएको भए पनि अस्पताल पुर्याएको केही समयपछि उनको मृत्यु भएको थियो ।

मोटरसाइकललाई ठक्कर दिने ट्रिपर र चालक मेचीनगर नगरपालिका ११ का ४४ वर्षीय वीरबहादुर शेर्पालाई इलाका प्रहरी कार्यालय पथरीले नियन्त्रणमा लिएको छ ।

# आगलागिमा चार लाख मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, १२ भदौ ।**

सप्तरीको कंचनरुप नगरपालिका वडा नं. १ स्थित मल्खोर टोलमा सोमबार आगलागि हुँदा ४ लाख मुल्य बराबरको क्षति भएको छ ।

स्थानीय समिद शेखको घरमा अचानक आगलागि हुँदा खसी, बाख्रा, खाद्यान्न, साइकल, पानी तान्ने मोटर, फर्निचर लगायतका सामानहरु जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

उक्त आगो ईलाका प्रहरी कार्यालय कंचनपुरको टोली, सशस्त्र प्रहरी र स्थानिय बासीहरुको सहयोगमा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# नेपाली पत्रकारिताका 'शिखर पुरुष' राजेश्वर नेपालीको निधन

धनुषा, १२ भदौ (रासस) ।

प्रजातन्त्र तथा प्रेस स्वतन्त्रता सेनानी वरिष्ठ पत्रकार एवं साहित्यकार राजेश्वर नेपालीको निधन भएको छ ।

नेपालीको सोमबार बेलुका ८:१० बजे जनकपुरधामस्थित म्याक्स अस्पतालमा निधन भएको उहाँका छोरा राघवेन्द्रप्रसाद साहले जानकारी दिनुभयो ।

नेपाल प्रेस युनियन, धनुषाका अध्यक्ष राजनकुमार सिंहले भन्नुभयो, "उहाँ यस क्षेत्रको शिखर पुरुष नै हुनुहुन्थ्यो, उहाँको निधनले पत्रकारिता क्षेत्रमा अपूरणीय क्षति पुगेको छ ।"

विगत १४ महिनादेखि बिरामी पर्नुभएका नेपाली गत असोज १२ गतेदेखि ओछ्यान पर्नुभएको थियो । यसअघि उहाँलाई भारतको दिल्लीका विभिन्न अस्पतालमा उपचारका लागि भर्ना गरिएको थियो ।

आफ्नो जन्मदिनभन्दा सात दिनअघिको तिथिमा नेपालीको निधन भएको हो । जनकपुरधाम उपमहानगरपालिका-२३ को बेला गाउँमा बुबा रामदुलार साह र आमा इन्द्रमणि देवीबाट विसं



२००२ भदौ १९ गते उहाँको जन्म भएको थियो ।

मध्यम वर्गीय परिवारमा जन्मिएका नेपालीले स्नातकोत्तरसम्मको अध्ययन पूरा गरेपछि मिसन पत्रकारिताबाट आफ्नो पत्रकारिता जीवन सुरुआत गर्नुभएको थियो । उहाँले विसं २०१५ मा जानकी नौवमी कविता लेखेर र वाचन गरेर साहित्य लेखन सुरु गर्नुभएको थियो ।

त्यसपछि उहाँले देश र समाजको हितका लागि, अधिनायकवादका विरुद्ध, लोकतन्त्र, समाजवाद र समानताका लागि निरन्तर आफ्नो लेखनमार्फत आवाज उठाउँदै आउनुभएको थियो । वरिष्ठ पत्रकार नेपालीले २०१८ साल मङ्सिर २६ गतेदेखि पत्रकारिता सुरुआत गर्नुभएको थियो ।

नेपाली कांग्रेसका नेता महेन्द्रनारायण निधि र बलराम नायकलाई सोही दिन जनकपुरधामबाट पक्राउ गरिएको थियो । नेताद्वय पक्राउ परेको समाचार 'नेपाल सन्देश' पत्रिकामा लेखेर नेपालीले पत्रकारिताको सुरुआत गर्नुभएको थियो ।

उहाँ पछिल्लो लामो समयदेखि बाबासिर र प्रोस्टेट क्यान्सरबाट पीडित हुनुहुन्थ्यो । उहाँको विभिन्न आन्दोलनमा प्रहरीको लाठी चार्जबाट खाएको चोटले मेरुदण्डको हाडसमेत त्यतिबेला भाँचिएको थियो ।

# कटुवा पेस्तोलसहित किशोर पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, १२ भदौ ।**

सुनसरीको बर्जु गाउँपालिका-६ बाट कटुवा पेस्तोलसहित प्रहरीले एक किशोरलाई पक्राउ गरेको छ ।

बर्जु-६ स्थित बेलहा टोलमा बस्दै आएका १८ वर्षीय किशोरलाई कटुवा पेस्तोल एक थान र सोही पेस्तोलमा लाग्ने गोली एक राउण्डसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

ती किशोरले घरमा हतियार राखेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दुहबीबाट खटिएको प्रहरीले आइतबार राति उनको कोठाबाट पेस्तोल र गोली बरामद गरेको प्रहरीले जनाएको छ ।

तत्काल फरार किशोरको खोजी गर्ने क्रममा बर्जु-५ स्थित आफन्तको घरमा बसिरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो । पक्राउ परेकामाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

# प्रमाणपत्रमा उमेर, नाम र जात सच्याउने अवधि पाँच वर्ष कायम

काठमाडौँ, १२ भदौ (रासस) ।

सरकारले गृह मन्त्रालयको प्रस्तावमा 'उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७' लाई समयसापेक्ष परिमार्जन गरी (तेस्रो संशोधन) नियमहरू २०८०' पारित गरेको छ ।

शैक्षिक प्रमाणपत्रमा उमेर, नाम र जात नमिल्दा तथा त्यसलाई सच्याउने प्रावधान झन्झटिलो र सीमित अवधिको हुँदा खासगरी विद्यार्थीहरू ठूलो मर्कामा परेका थिए । अब प्रमाणपत्रमा उमेर, नाम र जात सच्याउने अवधि छ महिनाको सट्टा पाँच वर्ष कायम गरिएको गृह मन्त्रालयले जनाएको छ ।

गृहमन्त्रीको सचिवालयका उपसचिव वेदनिधि खनालले सहज बनाउने र त्रुटि भएको सच्याउने समय थप हुनेगरी नियम पारित भएर आएको जानकारी दिनुभयो । शैक्षिक प्रमाणपत्र सच्याउने बाध्यतामा रहेका नयाँ वा पुरानो नागरिकताबाहेक सबैले एक वर्षभित्र राष्ट्रिय परीक्षा बोर्डमा दरखास्त दिन सक्नेछन् ।

कुनै विद्यार्थीले शैक्षिक प्रमाणपत्र लिइसकेपछि नेपाली नागरिकताको प्रमाणपत्र लिएको वा नागरिकतासम्बन्धी प्रचलित कानुनबमोजिम नेपाली नागरिकताको प्रमाणपत्रमा आफ्नो वा बाबुआमाको नाम वा थर वा नामथर संशोधन गराएकामा सो बमोजिम एसएलसी, एसइई वा कक्षा १२ को प्रमाणपत्रमा आफ्नो वा बाबुआमाको नाम वा थर वा नामथर सच्याउन चाहेमा एक पटकका लागि नेपाली नागरिकताको प्रमाणपत्र लिएको

*बाँकी अन्तिम पृष्ठमा*

# श्रोत नखुलेको २६ लाख रकमसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**महोत्तरी, १२ भदौ ।**

महोत्तरीको मटिहानी नगरपालिका वडा नं. ३ प्रतापि बाबा मंन्दिर अगाडी जनकपुर मटिहानी सडक खण्डबाट प्रहरीले एक भारतीय नागरिकलाई श्रोत नखुलेको २६ लाख २० रुँपैयासहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारतको बिहार राज्य अन्तरगत मधुवनी जिल्ला ग्रामपंचायत मधवापुर वडा नं. ४ बस्ने २६ वर्षिय सुमित साह छन् । विशेष सुराकीको आधारमा जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटेको सादा पोसाका प्रहरी र प्रहरी चौकी धिरापुरबाट गएको संयुक्त टोलीले पक्राउ गरेको हो ।

मधेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार ज.१२प.१६४४ नं.को मोटरसाइकलको सिट मुनि लुकाई छिपाई गरी ल्याउँदै गरेको श्रोत नखुलेको उक्त नेपाली रुँपैया बरामद भएको हो ।

पक्राउ परेका साह, रकम र मोटरसाइकललाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक कार्वाही तथा अनुसन्धानको लागि सम्बन्धीत कार्यालयमा पठाएको जनाइएको छ ।

## सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व

- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,
- सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सरल र सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी रूपमा काम कारवाहीको सम्पादन

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जनताको मतको कदर गरौं

सप्तरीमा भ्रष्टाचारले जडो गाड्दै गएको कुरा एकपछि अर्को जनप्रतिनिधिहरु निलम्बनमा पर्दै जानुले पुष्टि गरेको छ । जिल्लाको १८ वटा स्थानीय तह मध्ये तीन स्थानीय तहका जनप्रतिनिधि ( पालिका प्रमुख/अध्यक्ष) हालसम्म निलम्बनमा परेका छन् । शम्भुनाथ नगरपालिकाका प्रमुख र विष्णुपुर गाउँपालिका अध्यक्ष घुस प्रकरणमा निलम्बनमा परेक हुन् भने राजविराजका प्रमुख भने विशेष अदालतबाट ठेक्का सम्बन्धी एक प्रकरणमा अनियमितता गरेको भन्दै दोषि ठहर भएका छन् । यसरी एकपछि अर्का जनप्रतिनिधि निलम्बनमा पर्दै जानुले ती पालिकाको कामकाज प्रभावित समेत भएको छ भने उनीहरुलाई जनताले दिएको जनमतको अवहेल्ना समेत भएको छ ।

जनताको मतबाट निर्वाचित भएका ती जनप्रतिनिधिहरुलाई पाँच वर्षको लागि चुनिएको हो । तर, डेढ वर्ष समेत नपुग्दा अहिले प्रमुख/अध्यक्ष निलम्बनमा पर्दै जानुले जिल्लाको साख पनि धमिलो हुँदै गएको छ । यस्तो परिस्थितिमा पालिका प्रमुख/अध्यक्षहरुले गरेका गल्तिका कारण सिंगो पालिका नै अभिभावक विहीन हुन पुगेको छ । उनीहरुको स्थानमा अहिले उपप्रमुख/उपाध्यक्षले पालिकालाई चलाउने जिम्मा पाएका छन् । उपाध्यक्ष/उपप्रमुखको जिम्मेवारी न्यायीक समितिको काम र विभिन्न योजनाहरुको अनुगमन गर्ने हो । तर, उनीहरुको काँधमा कार्यवाहक प्रमुखको थप जिम्मेवारी आइपुगेको छ । अब कार्यवाहक भएर जिम्मेवारी पाएका ती जनप्रतिनिधिहरुले जनताका लागि कस्तो काम गर्ने काम भन्ने हर्न बाकी रहेको छ ।

तसर्थ जनताको मतबाट जनताको सेवा गर्ने मौका पाएका जनप्रतिनिधिहरुले इमान्दारीपूर्वक काम गर्नेतर्फ ध्यान पुग्नु आवश्यक छ भने आफ्नो कार्यकालमा पालिकाको विकास, सुशासन लगायतका कार्य कायम गर्नेतर्फ पनि ध्यान दिनु उत्तिकै जरुरी छ । अनि मात्र जनताले आउँदो दिनमा जनप्रतिनिधिहरुलाई झनै विश्वासका साथ आफ्नो मताधिकार दिन उत्प्रेरित हुने कुरामा दुई मत नहोला ।

# राजेश्वर नेपाली एक ‘इनसाक्लोपिडिया’

**धर्मेन्द्र झा/रासस**


काठमाडौं, १२ भदौ ।

राजेश्वर नेपाली । पत्रकारिता र साहित्य क्षेत्रका एक सुविख्यात परिचित नाम । आजको दिनमा नेपालीजीलाई कुनै थप परिचय आवश्यक छैन । खासमा नाम नै उहाँको परिचय हो । सादा जीवन उच्च विचारका अनुयायी नेपालीजीको पत्रकारिता र साहित्य क्षेत्रमा अनेक योगदान छन् ।

नेपाली पत्रकारिताका धरोहर, वरिष्ठ पत्रकार, लोकतान्त्रिक सङ्घर्षका योद्धा, प्रेस स्वतन्त्रता सेनानी उनै नेपाली अब भौतिकरूपमा यस धरामा उपस्थित रहन सक्नुभएन । २००२ भदौ १९ गते धनुषाको बेला (हाल जनकपुरधाम उपमहानगरपालिका-२३) मा जन्मनुभएका नेपालीले ७८ वर्षको उमेरमा अर्थात २०८० भदौ ११ गते राति देहत्याग गर्नुभएको छ । विगत १४ महिनादेखि बिरामीका कारण ओछ्यान पर्नुभएका नेपालीको त्यसअघि नेपाल र भारतका विभिन्न अस्पतालमा उपचार भए पनि निको हुन सक्नुभएको थिएन ।

विसं २०१८ मङ्सिर २६ गतेदेखि नेपाल सन्देश पत्रिकामा समाचार लेखेर पत्रकारिता प्रारम्भ गर्नुभएका नेपाली त्यसोपरान्त निरन्तर पत्रकारितामै समर्पित रहनुभयो । पत्रकारितालाई नै आफ्नो मूल धर्म, पेशा र व्यवसाय ठान्ने नेपालीजस्तो समर्पित पत्रकार विरलै मात्र पाउन सकिन्छ । उहाँका बारेमा जतिसुकै लेखे पनि जे लेखे पनि थोरै नै हुन्छ ।

आदरणीय नेपालीजीलाई, जनकपुरस्थित रामस्वरूप रामसागर बहुमुखी क्याम्पसमा जहिले म प्रवीणता प्रमाणपत्र तह (विसं २०४२/४४) को विद्यार्थी थिएँ त्यसबेलादेखि नै चिन्दछु र त्यसपछि निरन्तर उहाँको सम्पर्कमा छु । यस दृष्टिले हेर्ने हो भने उहाँसँग म प्रत्यक्षरुपले ३७/३८ वर्षदेखि परिचित छु । परिचय प्रारम्भको त्यो समय मेरो पत्रकारिता जीवनको अत्यन्त प्रारम्भिक समय थियो भने नेपाली त्यसै बखत सुविख्यात भइसक्नुभएको थियो । त्यो समय सायद उहाँको पत्रकारिताको उत्कर्षको समय थियो भनेर भनियो भने अनुचित हुने छैन ।



विसं २०४४ को कुनै समयमा म पत्रकारितासँग आवद्ध हुन पुगेको थिएँ । त्यसपछि नेपालीजीसँग औपचारिकरूपमा भेट गर्ने क्रमले तीव्रता पाएको म सम्झन्छु । एक दृष्टिले भन्ने हो भने नेपालीजी पत्रकारिता क्षेत्रमा मेरा एक ‘रोल मोडल’ हुनुहुन्थ्यो । पत्रकारिता क्षेत्रमा प्रवेश गर्नुअघि मैले उहाँका बारेमा धेरै कुरा सुनेको थिएँ । पछि त निरन्तर भेट भइरह्यो र उहाँका बारेमना सुनेका कुराको सत्यापन गर्ने अवसर मैले पाइरहेँ । तर दुःखका साथ भन्नुपर्छ, मैले अन्तिम समयमा उहाँलाई भेट्न पाइन । आज भोलि भन्दाभन्दै दिनहरू बिते र उहाँ पनि बित्नुभयो ।

निश्चय हो, उहाँको योगदानहरूले कहीँ न कहीँ मलाई प्रभावित बनाएको थियो । यो प्रभावले पनि पत्रकारितामा प्रवेश गर्नका लागि मलाई प्रोत्साहित गरेको थियो भनियो भने त्यो अन्यथा हुने छैन । उहाँ मेरै गृहनगर अर्थात जनकपुरसँग जोडिएको हुनुहुन्थ्यो । त्यसैले पनि मलाई उहाँको सान्निध्य प्राप्त गर्न सहज थियो । यस अर्थमा मैले आफूलाई भाग्यशाली नै ठान्नुपर्छ । म जनकपुरमै रहेर २०४४ देखि २०५२ सम्म पत्रकारितामा सक्रिय रहेँ । त्यो समय उहाँसँग प्रत्येक दिनजसो भेट हुन्थ्यो । अधिकांशतः जनकचोकस्थित दीपनारायणजीको पत्रिका पसलमा साइकल सवार नेपालीजीसँग मेरो भेट हुने गर्दथ्यो । त्यहाँ भेट नभएको अवस्थामा जानकी मन्दिरको प्रागंण हाम्रो भेटघाटको अर्को निश्चित स्थान थियो । भेटका क्रममा अनेक कुरा हुन्थे । केही राजनीतिका, केही साहित्यका र केही पत्रकारिताका । हामीबीचका ती कुराकानीले निश्चय पनि मलाई मार्गदर्शन र प्रोत्साहन प्राप्त हुने गर्दथ्यो ।

विसं २०५२ मा म पेशा र रोजगारीका क्रममा काठमाडौं आएँ । त्यसपछि मेरा अधिकांश समय यहीँ बित्न थाले । स्वाभाविकरूपमा उहाँसँगको प्रत्यक्ष भेटघाटको क्रम पनि पातलो हुन थाल्यो । तर अप्रत्यक्षरूपमा हामी सधैं नै सम्पर्कमा थियौं । उहाँसँगको सान्निध्यका आधारमा म यति कुरा दाबीका साथ भन्न सक्छु कि नेपालीजी पत्रकार, साहित्यकार र राजनीतिकर्मीभन्दा बढी एक सामाजिक अभियन्ता हुनुहुन्थ्यो ।

उहाँसँगको मेरो सम्बन्ध पत्रकारिता मात्रको थिएन । उहाँसँग साहित्य र राजनीतिकरूपमा पनि सम्बन्धित थिएँ र छु भन्न पाउँदा गौरवबोध हुनु मेरा लागि अत्यन्त स्वभाविक छ । यी तीनवटै सम्बन्धका आधारमा सम्बन्धहरूको विश्लेषण गर्ने प्रयास गरिएमा म निःसङ्कोच भन्न सक्छु, नेपालीजी मेरा आदरणीय अभिभावक त हुनुहुन्थ्यो नै, सँगसँगै प्रेरणाको एक स्रोत पनि । मैले माथि पनि उल्लेख गरिसकेँ, नेपालीजीसँग म अत्याधिक प्रभावित थिएँ । उहाँसँग सम्बन्धित अनेक स्मृति मेरो मानसपटलमा अहिले पनि ताजै रहेको अनुभूति छ । तर ती सबै स्मृतिहरू यहाँ अभिव्यक्त गर्नु सहज र सम्भव छैन ।

उहाँसँग म प्रभावित हुनुपर्ने अनेक कारण छन् । म उहाँको सादगीपूर्ण जीवन र पत्रकारिताप्रतिको अविभाज्य समर्पणबाट प्रभावित छु । मधेसबाट पत्रकारिता गर्ने र पत्रकारिताकै माध्यमबाट मिसनको दायित्वसँगै जीवन निर्वाहको प्रयत्न गर्नेहरूमध्ये नेपालीजी पहिलो पुस्ताको प्रखर र सशक्त पत्रकार हुनुहुन्थ्यो । पत्रकारिताको माध्यमबाट समाज रूपान्तरणमा उहाँको योगदान अत्यन्त महत्वपूर्ण छ । र, सबैभन्दा महत्वपूर्ण कुरा त के भने उहाँको योगदानलाई देश र समाजले स्वीकार गरेको छ ।

मूलतः जनकपुरको माटोमा रमेर भिजेर पत्रकारिता गर्ने नेपालीजीको योगदानको चर्चा जनकपुर, मिथिला र मधेशमा मात्र सीमित छैन । बरु सम्पूर्ण नेपालमा र विदेशमा पनि बडो आदरपूर्वक ‘नेपालीजी’ का रूपमा उहाँ चिनिनु हुन्छ । धेरैलाई उहाँको पूर्ण र वास्तविक नामबारे जानकारी नहुन सक्छ । तर राजेश्वर नेपाली ‘नेपालीजी’ पत्रकारका रूपमा नेपाल र नेपालभन्दा बाहिर पनि चिनिनु हुन्छ । उहाँ सबै समाजमा सर्वस्वीकृत हुनुहुन्थ्यो, रहिरहनु हुनेछ । त्यसो त उहँको रुचि साहित्य र राजनीतिमा पनि थियो । तर उहाँ बढी चिनिनुभयो पत्रकारिताकै क्षेत्रमा र पत्रकारकै रूपमा ।

नेपाली, मैथिली र हिन्दी भाषामा समान अधिकार राख्नुहुने नेपालीजी यी तीनै भाषाका माध्यमबाट पत्रकारिता र साहित्यमा क्रियाशील रहनुभयो । तीन भाषामा अनेक साहित्यिक रचना (पुस्तकसमेत)का स्रष्टा हुनुहुन्छ उहाँ । यतिमात्र होइन, उहाँको परिचय लोकतन्त्र र प्रेस स्वतन्त्रताका पक्षमा भएका आन्दोलनको एक अविश्रान्त योद्धाका रूपमा पनि छ । पत्रकार जगतले उहाँको योगदान स्वीकार गर्‍यो र केही थान सम्मान तथा पुरस्कार अर्पण गर्‍यो तर राज्य र सरकारले भने उहाँलाई सँधै उपेक्षा नै दियो । उहाँ अस्वस्थ भएर घरको ओछ्यानमा अचेत पल्टिइरहँदा कुनै पनि तहको सरकारको ध्यान उहाँतर्फ आकृष्ट हुन सकेन । राजनीतिसँग नजिकको साइनो भएकाहरू सहज र सुविधाजनक उपचार प्राप्त गर्न सक्षम भइरहेको नेपालको परिदृश्यमा सायद नेपालीजी ओझेल पर्नुभयो । राज्यले उहाँलाई देख्नै सकेन । राज्यका निकायहरूको उपचारमा आवश्यक ध्यान पुग्न सकेको भए सम्भव थियो उहाँको आयु लम्बिन सक्थ्यो ।

महात्मा गान्धीको जीवन र दर्शनबाट प्रभावित नेपालीजी सच्चा गान्धीवादीका रूपमा पनि चिनिनु हुन्छ । यही प्रभावबाट उहाँ समाज र राजनीतिमा पनि निर्देशित हुनुहुन्थ्यो । राजनीतिमा पनि उहाँको फरक परिचय थियो । नेपालको लोकतान्त्रिक आन्दोलनमा प्रारम्भिक दिनहरूबाटै सक्रिय रहनु भएका नेपालीजी प्रखर लोकतन्त्रवादी हुनुहुन्थ्यो । लोकतान्त्रिक आन्दोलनका क्रममा आस्थाका आधारमा पञ्चायतकालमा अनेकौं पटक प्रशासनको कुदृष्टिको शिकार बन्नुभएका नेपालीजी आफ्नो लोकतान्त्रिक मूल्य-मान्यताका विरुद्ध कहिल्यै पनि सम्झौता गर्नु भएन । जीवनभरि उहाँ आफ्नो राजनीतिक मूल्य, मान्यता, आस्था र विचारप्रति दृढ रहनुभयो ।

नेपालीजीलाई म मधेस-मिथिला ‘इनसाक्लोपिडिया ( विश्वकोष)’ का रूपमा पनि चिन्दथे । मधेश, मिथिला र नेपाली राजनीतिसँग सम्बन्धित अनेक जानकारीका विशाल सङ्ग्रह थियो उहँसँग । उहाँको देहावसानपछि जानकारीका यी सङ्ग्रहको संरक्षणबारे पनि सोचिनु जरुरी छ । त्यसो त उहाँका सुपुत्र राघवेन्द्रमाथि पनि पिताको कर्मको यथेष्ट प्रभाव परेका कारण यी जानकारीले उहाँको संरक्षकत्व प्राप्त गर्ने कुरामा विमति हुन सक्दैन । यस्ता अनेक जानकारी थिए जो नेपालीजीलाई कण्ठस्थ नै थियो ।

औपचारिक जानकारीको आधिकारिक सङ्ग्रहको विशाल अभिलेखीकरणको भण्डारको निर्माण गर्नुभएको थियो उहाँले । चाहे त्यो राजनीति होस् चाहे साहित्य अथवा पत्रकारिता, सबैको जीवित दस्तावेज र ‘इनसाक्लोपिडिया’को परिचय बनाउनुभएको थियो नेपालीजीले । यतिमात्र होइन, समाज, व्यक्ति, स्थानीय विकाससँग सम्बन्धित जानकारीको पनि उहाँ अजस्र स्रोत हुनुहुन्थ्यो । उहाँ र उहाँको परिवारसँग रहेका यस्ता जानकारी अनेक अनुसन्धानकर्मीका लागि महत्वपूर्ण स्रोत सामग्री हुन सक्छन् ।

मेरो प्रस्ताव छ, उहाँको देहावसानपछि उहाँको घरपरिवारमा रहेका यी अजस्र जानकारी सङ्ग्रहको संरक्षण कार्य परिवारका सदस्यमात्रको भरमा कठिन हुन सक्छ । यस्तोमा राज्यले पहल गर्नु अपेक्षित छ । अब यी सामग्रीको संरक्षणमा राज्यले दायित्व निर्वाह गर्नु अपरिहार्य छ । यसो गर्न सके निश्चय पनि भावी पुस्ता लाभान्वित हुन सक्नेछन् र सायद उहाँप्रति सच्चा श्रद्धाञ्जलि अर्पण गर्ने एक उपयुक्त तरिका पनि हुन सक्छ यो प्रक्रिया ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रतिनिधिसभा बैठक : भष्ट्राचारदेखि जनजीविका सहज बनाउने विषय उठाइए

काठमाडौँ, १२ भदौ (रासस) ।

सङ्घीय संसद् प्रतिनिधिसभाको मंगलबारको बैठकमा भष्टाचारका मुद्दामा गम्भीर छानबिन हुनुपर्नेदेखि नागरिकका जनजीविकामा देखिएका समस्याका विषय उठेका छन् ।

वर्षायाममा हुने बाढीपहिरो तथा डुबानको समस्या र त्यसबाट प्रभावितलाई क्षतिपूर्ति, पशुचौपायामा देखिएको लम्पी स्कीन पीडित किसानलाई क्षतिपूर्ति, डेङ्गुलगायत रोगको नियन्त्रण, सडक तथा पुललगायत पूर्वाधार निर्माणमा भएको ढिलासुस्ती लगायतका विषय संसदमा उठेका हुन् । संसदको मंगलबारको बैठकमा सांसद प्रेम सुवालले भारतसँगको सीमा नाकामा नेपालीले भोग्नुपरेका समस्या उठाउनुभयो । गएको हप्ता कञ्चनपुरको दोधारा-चाँदनी र टनकपुर क्षेत्रमा स्थलगत अवलोकनमा जाँदा भारतीय सुरक्षा बलले पूर्व जानकारीबिना आएको भन्दै अवरोध गरेको उहाँले बताउनुभयो । सीमाना मिचिँदा त्यस क्षेत्रका नेपाली पीडित भइरहेको उल्लेख गर्दै सांसद सुवालले तीनवटै तहका जनप्रतिनिधिको ध्यान यसतर्फ जान जरुरी रहेको बताउनुभयो । भष्ट्राचारका मुद्दामा सबैलाई कारबाहीको दायरामा ल्याइनुपर्ने तथा डेडिकेटेड-ट्रंकलाइन बिजुलीको बक्यौता उठाउन सरकार र नेपाल विद्युत् प्राधिकरणले ढिलासुस्ती गरेको विषय पनि उहाँले संसद्मा उठाउनुभयो ।

सांसद डा अमरेशकुमार सिंहले नातागोता र परिवारवादले प्रशय पाउन नहुने बताउनुभयो । भष्टाचार प्रकरणको प्रभावकारी छानबिन हुन नसकेको र केही शक्तिशाली व्यक्ति मुछिँदा उन्मुक्ति मिलिरहेको उहाँको आरोप थियो ।

सांसद सञ्जयकुमार गौतमले केही समयअघि बाँके र बर्दियामा आएको बाढीबाट तीन जनाले ज्यान गुमाएको तथा एक हजारभन्दा बढी परिवार प्रभावित भएको बताउनुभयो । बाढीपहिरो र डुबानका समस्या पटक-पटक उठाउँदा पनि जिम्मेवार निकायको ध्यान जान नसकेको उहाँको भनाइ थियो । सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारितामाथि पनि उहाँले प्रश्न उठाउनुभयो । सामाजिक सुरक्षा भत्ता पाउनका लागि लाभग्राहीको सूची स्वतः नवीकरण हुनुपर्ने सांसद गौतमको माग छ ।

सांसद ठाकुरकुमार गैरेले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति र उपकरण उपलब्ध नरहेको विषय पनि उहाँले उठाउनुभयो । कक्षा १० सम्मका विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम ल्याइनुपर्नेमा सांसद गैरेले सरकारको ध्यानाकर्षण गराउनुभयो । भष्टाचारकाविरुद्ध प्रतिपक्षले संसद्मा सशक्त भूमिका निर्वाह गरे पनि सरकारले उल्टै कमजोर बनाउने खोजेको उहाँको आरोप छ ।

सांसद अशोककुमार चौधरीले चर्को कर लगाए पनि सरकारले नागरिकलाई कुनै सेवा सुविधा दिन नसकेको विषय उठाउनुभयो । स्थानीय तहले आफुखुसी कर लगाइरहेकाले केही ठाउँमा नागरिकले नै त्यसको विरोध गरिरहेको उहाँको भनाइ छ । पशु चौपायामा देखिएको लम्पी स्कीन रोग नियन्त्रणका लागि सरकार र मातहतका निकायले प्रभावकारी कदम चाल्न नसकेको सांसद चौधरीले बताउनुभयो । किसानलाई उचित क्षतिपूर्तिका लागि पनि उहाँले सरकारसँग माग राख्नुभयो ।

सांसद गङ्गाराम चौधरीले सरकारले धानको न्युनतम समर्थन मूल्य तोके पनि त्यसको कार्यान्वयन हुन नसकेको र किसान सधैँ पीडित भइरहेको बताउनुभयो । मलखाद भन्दा ध्यानको मूल्य कम रहेको उल्लेख गर्नुहुँदै उहाँले मलको मूल्य घटाउन र धानको मूल्य बढाउन आग्रह गर्नुभयो । धान खरिद-बिक्रीमा बिचौलिया लाग्ने र किसानलाई न्यून मूल्य तिरेर महँगोमा बेच्ने गरेको उहाँको भनाइ छ ।

सांसद राजेन्द्रकुमार केसी गिरिबन्धु-टीस्टेट प्रकरण, यति-ओम्नी प्रकरणको छानबिनका लागि माग गर्नुभयो । भष्टाचार विकासको बाधक हो भन्ने कुरा ध्यानमा राखेर सत्तापक्ष र प्रतिपक्ष दुवैले भष्टाचार निवारणमा एकजुट हुनुपर्ने उहाँको भनाइ छ ।

सांसद दीपा शर्माले संसद्मा दर्ता भइसकेका विधेयक चाँडो पारित गरेर कार्यान्वयनमा ल्याइनुपर्ने बताउनुभयो । नागरिकका समस्या समाधानका लागि सरकार र संसद् दुवै जिम्मेवार भएर लाग्नुपर्ने उहाँको भनाइ छ ।

सांसद तेजुलाल चौधरीले हरेकवर्ष वर्षायाममा तराईका जिल्लामा बाढी र डुबानको समस्या देखिने गरेकामा नदी किनारमा व्यवस्थित तटबन्ध बनाइनुपर्ने बताउनुभयो । बाढीबाट प्रभावित नागरिकलाई तत्काल क्षतिपूर्तिको व्यवस्था गर्न पनि उहाँले संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद मानवीर राईले केही समयअघि दूधकोशी नदीमा आएको बाढीका कारण सोलुखुम्बुमा पुल बगाएकाले त्यहाँका नागरिकलाई आवतजावतमा समस्या भइरहेकाले तत्काल बेलिब्रिज बनाएर सहज बनाउन सरकारसँग आग्रह गर्नुभयो । जङ्गली जनावरले किसानको बालीनालीमा पुऱ्याएको क्षतिको पूर्ति गर्न पनि उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद चन्दा चौधरीले नेपालका शिक्षालयमा शिक्षा शुल्क महँगो भएको विषय संसद्मा उठाउनुभयो । आर्थिक रूपमा कमजोर व्यक्तिका लागि शिक्षादिक्षा लिनै सकस भइरहेको उहाँको भनाइ छ ।

सांसद प्रेमबहादुर महर्जनले जनैपूर्णिमा, गाईजात्रालगायत चाडपर्व आइरहँदा काठमाडौँ उपत्यकाभित्रका मठमन्दिर र शक्तिपीठको व्यवस्थापनका लागि सम्बन्धित निकायले पहल गर्नुपर्ने बताउनुभयो । मठमन्दिरको सरसफाइ, ट्राफिक व्यवस्थापन, हिलाम्मे भएका सडक सुधारलगायतका काम तत्काल गरिनुपर्ने उहाँको माग छ । हरेक वर्ष बाँझो जमिन बढिरहेकामा सांसद महर्जनले चिन्ता व्यक्त गर्नुभयो ।


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**


## विश्व समाचार

### नेता खानलाई धरौटीमा रिहा गर्न आदेश

इस्लामावाद, १२ भदौ (रासस/एएनआई) ।

भ्रष्टाचार मुद्दामा दोषी ठहरिएका पाकिस्तानको एक अदालतले पूर्वप्रधानमन्त्री इमरान खानलाई धरौटीमा रिहा गर्न आदेश दिएको छ ।

इस्लामाबाद उच्च अदालतले पाकिस्तान तहरीक-ए-इन्साफका अध्यक्षलाई धरौटीमा रिहा गर्न आदेश दिएको हो । प्रधानमन्त्री हुँदा नेता खानले राष्ट्रलाई प्राप्त उपहार बेचेकोलगायत मुद्दामा दोषी ठहर गर्दै तीन वर्षको जेल सजाय सुनाएको थियो । उक्त निर्णयले उहाँलाई पाँच वर्षका लागि आम निर्वाचनमा उम्मेदवार हुन नपाउने व्यवस्था गरेको थियो ।

मुख्यन्यायाधीश आमिर फारुक र न्यायाधीश तारिक महमूद जहाँ-गिरीको इजलासले इस्लामाबादको ट्रायल कोर्टको निर्णय उल्टयाएको हो । सत्तरी वर्षीय खानलाई अर्को मुद्दामा पुनः जेल पठाउने प्रपञ्च हुनसक्ने आशङ्का उहाँका वकिलहरूले गरेका छन् ।

### एसिया कप क्रिकेटः पाकिस्तानदेखि नेपालसम्म

कोलम्बो, १२ भदौ (रासस/एएफपी) ।

पाकिस्तान र श्रीलङ्काको सहआयोजनामा मंगलबारदेखि श्रीलङ्कामा एसिया कप क्रिकेट प्रतियोगिता शुरु भएको छ । प्रतियोगितमा छ देशले प्रतिस्पर्धा गर्नेछन् ।

श्रीलङ्काले एक वर्षअघि टी-२० ढाँचामा खेल जितेको थियो । यस वर्ष एसिया कप ५० ओभरमा हुनेछ । भारतमा आगामी अक्टोबरमा हुने विश्वकप प्रतियोगिता अगाडि एसियाका दिग्गज खेलाडी एकअर्काको नाडीछाम्न कोलम्बोमा भिड्दै छन् । प्रत्येक समूहका शीर्ष दुई टोलीले सेप्टेम्बर १७ मा कोलम्बोमा हुने फाइनल स्पर्धा गर्नेछन्भने शीर्ष दुई टोली सुपर फोरमा पुग्नेछन् ।

समूह 'क' मा नेपालसहित भारत र पाकिस्तान छन् । भारतले पाकिस्तानमा खेल्न अस्वीकार गरेको कारण हाइब्रिड मोडलमा सहमति भएपछि शीर्ष स्थानमा रहेको छ । गत साता अफगानिस्तानलाई ३-० ले हराएर विश्व नम्बर एक बनेको पाकिस्तान श्रीलङ्कामा फाइनलसहित बाँकी नौ खेल खेल्नेछ । एक दिवसीय वरियतामा पहिलो नम्बरमा रहेको पाकिस्तान बबर आजमको कप्तानीमा मैदानमा उत्रने छ । दुई पटक एशिया कप उपाधि उचालेको पाकिस्तानी टिममा तीव्र गतिका बलर सहीन शाह अफ्रिदी र नामुद विकेटकिपर मोहम्मद रिजवानलगायत छन् ।

क्रिकेटको पावरहाउस भारत सबैभन्दा धेरै एशिया कप जितेको छ । आठौं उपाधिको लागि एकदिवसीय वरीयतामा तेस्रो स्थानमा रहेको भारतलाई कप्तान रोहित शर्माले पुनःजितको स्वाद चखाउने प्रयास गर्नेछन् । उनलाई विराट कोहलीजस्ता सिपालु ब्याट्सम्यान, अलराउन्डर हार्दिक पाण्ड्या, द्रुत गतिका बलर जसप्रित बुमराह लगायतको साथ रहने छ ।

कप्तान रोहित पौडेलको नेतृत्वमा पहिलोपटक एशिया कप खेल्न ब्याट्सम्यान आरिफ शेख, लेग स्पिनर सन्दीप लामिछाने र विकेटकिपर आसिफ शेखलगायत खेलाडी श्रीलङ्कामा अभ्यासरत छन् । एक दिवसीय वरियतामा १५औं स्थानमा रहेको नेपाल यो वर्षको प्रारम्भमा विश्वकप छनोटमा पुगेर ५० ओभरको खेलमा पराजित भएको थियो ।

समूह 'ख'मा बङ्गलादेश, श्रीलङ्का र अफगानिस्तान छन् । बङ्गलादेश एक दिवसीय वरियतामा सातौं, श्रीलङ्का आठौं र अफगानिस्तान नवौं स्थानमा छन् ।

### रुसी राष्ट्रपति जी ट्वेन्टी शिखर सम्मेलनमा सहभागी नहुने

नयाँदिल्ली, १२ भदौ (रासस/एएनआई) ।

विश्वका १९ देश र युरोपेली सङ्घ मिलेर बनेको अन्तरसरकारी मञ्च जी ट्वेन्टीको आगामी महिना भारतको नयाँदिल्लीमा हुने शिखर सम्मेलनमा रुसका राष्ट्रपति भ्लादिमिर पुटिन सहभागी नहुने हुनुभएको छ ।

आगामी सेप्टेम्बर ९ र १० मा हुने उक्त शिखर सम्मेलनमा सहभागी नहुने जानकारी राष्ट्रपति पुटिनले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई दिनुभएको हो । उहाँले प्रधानमन्त्री मोदीलाई फोन गरेर विदेशमन्त्री सर्गेई लाभरोभले आफ्नो तर्फबाट शिखर सम्मेलनमा सहभागी हुने जानकारी दिनुभएको भारतीय प्रधानमन्त्रीको कार्यालयले जनाएको छ । यसअघि रुसी सरकारका प्रवक्ताले व्यस्त कार्यतालिका भएकाले राष्ट्रपति पुटिन जी-२० शिखर सम्मेलनमा सहभासस्गी नहुने बताएका थिए ।

अन्तरराष्ट्रिय वित्तीय स्थायित्व, जलवायु परिवर्तनका असर घटाउने र दिगो विकासजस्ता विश्वव्यापी अर्थतन्त्रसँग सम्बन्धित प्रमुख मुद्दाहरूलाई सम्बोधन गर्ने जी-२० मा अमेरिकी राष्ट्रपति जो बाइडेन, संयुक्त अधिराज्यका प्रधानमन्त्री ऋषि सुनकलगायत विश्वका नेताहरु सहभागी हुने कार्यक्रम रहेको बताइएको छ ।

# आँखा पाक्ने रोगमा प्रयोग हुने औषधिको अभाव छैन : विभाग

काठमाडौँ, १२ भदौ (रासस)।

आँखा पाक्ने रोग (भाइरल कन्जङ्क्टिभाइटिस) मा प्रयोग हुने औषधिको अभाव नभएको जनाइएको छ। आँखा पाक्ने रोगका बिरामी बढेपछि केहीले औषधि अभावको हल्ला फिजाए पनि पर्याप्त मात्रामा औषधि भएको औषधि व्यवस्था विभागले बताएको छ।

विभागका महानिर्देशक नारायणप्रसाद ढकालले आँखा पाक्ने रोगको औषधि पर्याप्त मात्रामा रहेको जानकारी दिनुभयो। "आँखा पाक्ने सङ्क्रमण बढेसँगै केहीले औषधिको अभाव छ भनेर हल्ला फिजाएर कालाबजारी गर्न खोजेको देखिन्छ", उहाँले भन्नुभयो, "तर हामीसँग पर्याप्त मात्रामा आँखामा पाक्ने औषधि 'आई ड्रप' छ। आँखा अस्पताल र अस्पताल अगाडि रहेका औषधि पसलमा यो औषधि पाइन्छ।"

एभरेष्ट पारान्टेरलल्स् सञ्चालक उमङ्ग रानासरियाले आँखा पाक्ने सङ्क्रमण बढे पनि औषधिको अभाव हुन नदिएको बताउनुभयो। "सङ्क्रमण बढेसँगै औषधिको माग बढेको छ तर हामीले बढेको मागबमोजिम आपूर्ति गरिरहेका छौँ", उहाँले भन्नुभयो, "आँखा अस्पतालमा हामीले प्रशस्त मात्रामा औषधि उपलब्ध गराएका छौं।"

सञ्चालक रानासरियालका अनुसार माग बढेसँगै अहिले उत्पादन पनि तीन गुणा बढी भइरहेको छ। अहिले मासिक ९० हजार भाइल औषधिउत्पादन गरिरहेको उहाँको भनाइ थियो।

नेपाल औषधि उत्पादक सङ्घका अध्यक्ष प्रज्वलजङ्ग पाण्डेले आँखामा हाल्ने 'आई ड्रप'को अभाव हुन नदिन र मागअनुसार आपूर्ति भइरहेको बताउनुभयो। आँखा पाक्ने रोगका लक्षणहरू आँखा रातो हुनु र चिलाउनु, आँखाबाट आँसु बगिरहनु वा कचेरा/चिप्रा लाग्नु, आँखाको ढकनी रातो हुनु, सुन्निनु, आँखा बिझाउनु/दुख्नु र घाममा वा उज्यालोमा हेर्न गाह्रो हुनुजस्ता समस्या भाइरल 'कन्जङ्क्टिभाइटिस' मा हुने गर्दछ।

भाइरल 'कन्जङ्क्टिभाइटिस'को सङ्क्रमण भएपछि जथाभावी आँखा नछुने, आँखा छुनु परेमा साबुन पानीले राम्ररी हात धुने गर्नुपर्दछ।

यस्तै बाहिर घाममा निस्कँदा कालो चस्मा प्रयोग गर्ने, सङ्क्रमित व्यक्तिले प्रयोग गरेका सामान अन्य व्यक्तिलाई प्रयोग गर्न दिनुहुँदैन।

### *प्रमाणपत्रमा उमेर,...*

वा नेपाली नागरिकताको प्रमाणपत्रमा विवरण सच्याएको एक वर्षभित्र दरखास्त दिन सक्नेछ।

"तर कुनै विद्यार्थीले यो उपनियम प्रारम्भ हुनुअघि नेपाली नागरिकताको प्रमाणपत्र लिएको वा नेपाली नागरिकताको प्रमाणपत्रमा आफ्नो वा बाबुआमाको नाम वा थर वा नामथर संशोधन गराएकामा सो बमोजिम एसएलसी, एसइई वा कक्षा बाह्रको प्रमाणपत्रमा आफ्नो वा बाबुआमाको नाम वा थर वा नामथर सच्याउन पाँच वर्षभन्दा पुरानो कुनै व्यक्तिले पनि एक पटकका लागि यो उपनियम प्रारम्भ भएको एक वर्षभित्र दरखास्त दिन सक्नेछ", उल्लेख छ।

त्यसैगरी नागरिकता सच्याएको एक वर्षभित्र पनि शैक्षिक प्रमाणपत्र सच्याउन दरखास्त दिन पाउनेछ्न्। गृहमन्त्रालयले मन्त्रिपरिषद् बैठकले उक्त नियम पारित गरेको जनाएको छ।

# सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम गर्न सबैको योगदान आवश्यक

काठमाडौँ, १२ भदौ (रासस)।

धार्मिक एवं राजनीतिक क्षेत्रका व्यक्तित्वले सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम गर्न सबैको योगदान हुनुपर्नेमा जोड दिइएको छ।

विश्व हिन्दू महासंघले मंगलबार यहाँ आयोजना गरेको प्रवचनमा सांसद एवं राष्ट्रिय प्रजातन्त्र पार्टीका पूर्वअध्यक्ष पशुपतिशम्शेर राणाले देवभूमि एवं सीता, बुद्धलगायतको जन्मस्थलका रुपमा रहेको नेपाल प्राचीनकालदेखि नै धार्मिक सहिष्णुतायुक्त देशका रुपमा स्थापित भएको बताउनुभयो। तपस्थलका रुपमा रहेको नेपालमा भ्रष्टाचार र घुसखोरी गर्नेले पनि देशलाई बिगार्न नसक्ने उहाँको भनाइ थियो।

संस्कृतिविद् प्रा डा जगमान गुरुङले प्राचीन भारतवर्षीय चरित्र बोकेको देशका रुपमा विश्वमा स्थापित नेपाल समन्वयात्मक अध्यात्मवादका कारण सहिष्णु मुलुकका रुपमा चिनिएको बताउनुभयो। एक सय ३२ समुदायका मानिस बसोबास गर्ने नेपालमा प्राचीनकालदेखि नै रहँदै आएको सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्नुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा संस्कृतिविद् गुरुङलाई महासंघले नेपाल ऋषिको पदवीसहित सम्मान गरिएको थियो।

कार्यक्रममा महासंघ राष्ट्रिय समितिका अध्यक्ष राजेन्द्रकुमार भण्डारी, महासंघका उपाध्यक्ष एवं पूर्वमन्त्री दीनबन्धु अर्याल, नेपाल जैन परिषद्का पूर्वअध्यक्ष फूलकुमार, श्रीकृष्ण सेवा समिति नेपालका अध्यक्ष श्यामकृष्ण शर्मा, महासंघका सदस्य दिव्यध्वज कार्की, बौद्ध धर्म गुरु शिव औतारी लामा, जनकपुस्थित जानकी मन्दिरका महन्त रामरोशन दासलगायतले सामाजिक सद्भाव एवं धार्मिक सहिष्णुतामा रहेको नेपालमा केही विदेशीका इसारामा हुने गरेका सद्भाव खल्बल्याउने काम सफल नहुनेमा जोड दिनुभएको थियो।

# गौ हत्याको विरोधमा सरकारलाई राप्रपाको ज्ञापनपत्र

काठमाडौँ, १२ भदौ (रासस)।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले गौहत्याको विरोधमा मंगलबार देशका ७७ वटै जिल्लाका जिल्ला प्रशासन कार्यालयमार्फत सरकारलाई ज्ञापनपत्र बुझाएको छ।

पछिल्लो समय राष्ट्रिय जनावर गाईको हत्या गर्ने कार्य भएको भन्ने समाचार आइरहेकाले गौहत्याको विरोधमा मंगलबार सरकारलाई ज्ञापनपत्र बुझाइएको राप्रपाका प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठले बताउनुभयो। उहाँले भन्नुभयो, "गाईको हत्याजस्तो जघन्य अपराध भइरहेका समाचार आइरहेकाले यस्तो कार्य रोक्न माग गर्दै ७७ वटै जिल्लाका जिल्ला प्रशासन कार्यालयमार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझाएका छौँ, गौवंश हत्याको विरोध गरी सामाजिक सद्भाव कायम राख्न यस ज्ञापनपत्रमार्फत प्रधानमन्त्रीलाई आग्रह गरिएको छ।"

सो ज्ञापनपत्रमा गौहत्याको विरोध, दोषीलाई कारबाही एवं विद्यमान कानुनको पालनाको माग गर्नुका साथै देशमा धार्मिक सांस्कृतिक सद्भाव कायम गर्न माग गरिएको प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो।

# लम्पी स्किनबाट मरेका पशु चौपायाको क्षतिपूर्ति दिने कार्यविधि तत्काल टुङ्ग्याउन निर्देशन

काठमाडौँ, १२ भदौ (रासस)।

देशभर पशु चौपायामा देखिएको लम्पी स्किन रोकबाट किसानलाई परेको असरको आकलन र त्यसको क्षतिपूर्तिका लागि तत्काल कार्यविधि बनाउन राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक) ले निर्देशन दिएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को अध्यक्षतामा बसेको एनडेकको ५१ औँ बैठकले तत्काल यस्तो कार्यविधि बनाउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिएको हो।

"लम्पी स्किन रोगबाट मरेका पशुचौपायाको क्षतिपूर्तिको विषय छिटो अगाडि बढाउने निर्णय भएको छ। यो रोगबाट किसानलाई पुगेको आर्थिक क्षतिको आकलन गरि क्षतिपूर्ति कसरी वितरण गर्ने भन्नेबारे तत्काल कार्यविधि बनाई पेश गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिइएको छ", एनडेकको निर्णयबारे जानकारी दिनुहुँदै राष्ट्रिय योजना आयोगका प्रवक्ता सुमन दाहालले भन्नुभयो, "क्षतिपूर्तिको विधि कस्तो बनाउने भनेर कृषि मन्त्रालयलाई खाका पेश गर्न भनिएको छ।"

विभिन्न पूर्वाधार आयोजनामा प्रभावकारी समन्वय हुन नसक्दा देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्न एनडेकले निर्देशक दिएको पनि दाहालले बताउनुभयो। "हामीले बनाउने पूर्वाधारको युटिलिटी कोअर्डिनेसन पुगेको छैन भन्ने विषय एउटा एजेन्डा थियो। यसलाई समाधान गर्नका लागि के गर्न सकिन्छ भनेर सम्बन्धित निकायमार्फत सुझाव पेश गर्न भनिएको छ। तीन तहका सरकारबीच प्रभावकारी समन्वय हुन नसक्दाका समस्या समाधानका लागि पनि आवश्यक कदम चाल्ने निर्णय भएको छ", उहाँले भन्नुभयो।

समानीकरण अनुदान बढाउनुपर्ने र सःशर्त अनुदानको हिस्सा घटाउनुपर्ने भन्दै प्रदेश र स्थानीय तहले राख्दै आएको मागको विषय पनि एनडेकको बैठकमा छलफल भएको दाहालले जानकारी दिनुभयो।

त्यसैगरी, त्रिभुवन विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयबीच जनशक्ति समायोजन गर्ने तथा भौतिक पूर्वाधार र जग्गा व्यवस्थापनबारे अध्ययन गरी दुई महिनाभित्र पेश गर्न योजना आयोगको शिक्षा क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा कार्यदल गठन गरिएको छ।

त्यस्तै, जग्गाको खण्डीकरण रोक्नका लागि अपनाउनुपर्ने उपायबारे सुझाव दिन आयोगमा भूमि व्यवस्थापनसम्बन्धी क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा अर्को कार्यदल गठन गरिएको छ। यो कार्यदललाई तीन महिनाभित्र प्रतिवेदन बुझाइसक्न भनिएको छ।

# बीस किलो चाँदीसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**बिराटनगर, १२ भदौ।**

अवैध रूपमा २० किलो चाँदी लिएर काठमाडौँ हिँडेका दुई युवा पक्राउ परेका छन्।

पक्राउ पर्नेमा विराटनगर महानगरपालिका ५ का २५ वर्षीय रोहितकुमार यादव र विराटनगर बस्दै आएका ३७ वर्षीय शेचन मानन्धर रहेका छन्। उनीहरुलाई बिपी राजमार्ग अन्तर्गत गोलन्जोर गाउँपालिका ५ को सिन्धुली गढी प्रहरी चौकीले पक्राउ गरेको हो।

उनीहरुले प्रयोग गरेको ०१-०२५ च १०६९ नं को निजी कार पनि नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। कारको पछाडि सिटमुनि लुकाएर २० किलो चाँदी राखेको फेला परेको थियो।

उक्त चाँदीको मूल्य २४ लाख ६१ बराबरको छ। नियन्त्रणमा लिइएको चाँदी र सवारी साधनलाई आन्तरिक राजश्व कार्यालयमा पठाइने प्रहरीले जनाएको छ।


**डा. कालीप्रसाद यादव**

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८११८७**


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु-क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*